# घरेलु सेवा उद्योग: गृह स्याहार कामदारहरू COVID-19 का आवश्यकताहरू

यो कागजात घरेलु सेवा उद्योगमा लागू हुन्छ र गृह स्याहार कामदारहरूका लागि विशिष्ट छ। यो कागजातका उद्देश्यहरूका लागि, घरेलु सेवा कामदार भनेको एक वा सोभन्दा बढी रोजगारदाताद्वारा भुक्तानी गरिने र गृह स्याहार कामदारको रूपमा निजी घरका वा यससँग सम्बन्धित व्यक्ति वा घरपरिवारलाई घरेलु सेवाहरू उपलब्ध गराउने कुनै पनि कामदार हो। घरेलु सेवा कामदारमा घण्टाको आधारमा काम गर्ने तथा तलब प्राप्त गर्ने कर्मचारी, व्यक्तिगत श्रम उपलब्ध गराउने स्वतन्त्र ठेकेदार, पूर्ण-समय तथा आंशिक-समय काम गर्ने कामदार र अस्थायी कामदारहरू समावेश हुन्छन्। रोजगारदातामा गृह स्याहार कामदारको रूपमा सेवाहरू उपलब्ध गराउने घरेलु कामदारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भुक्तानी दिने पारिश्रमिक संस्था, व्यक्ति, घरपरिवार र रोजगारदाताहरू (उदाहरण, रोजगारी निकाय तथा अनलाइन फ्लेटफर्म सहित प्रत्यक्ष सेवाहरू उपलब्ध गराउने व्यवसायहरू) समावेश हुन्छन्। एकभन्दा बढी रोजगारदाता हुँदा, आवश्यकताहरू प्रत्येक रोजगारदाता/कर्मचारी रोजगारी सम्बन्धमा लागू हुन्छन्।

अन्य घरेलु कामदारहरूको कामलाई गभर्नरको घोषणा 20-05 मा अत्यावश्यकको रूपमा परिभाषित नगरिएको हुनाले तिनीहरूलाई भिन्न निर्देशिकाहरूमा समेटिन्छ। गृह स्याहार कामदारहरू भनेका निजी घरका वा यससँग सम्बन्धित, प्रकार्यात्मक असक्षमताहरू भएका वा बिमारी, वृद्ध वा अन्यथा कमजोर रहेका मानिसहरूलाई व्यक्तिगत स्याहार सेवाहरू उपलब्ध गराउने, तिनीहरूलाई खाने, नुहाउने र कपडा लगाउने जस्ता "दैनिक जीवनयापनका क्रियाकलापहरू" गर्न मद्दत गर्ने कामदारहरू हुन्। दैनिक जीवनयापनका क्रियाकलापहरूमा मद्दत गर्नुका साथै, गृह स्याहार कामदारले व्यक्तिहरूलाई समुदायमा स्वतन्त्र रूपमा जीवन बिताउन अनुमति दिने "दैनिक जीवनयापनका उपकारी क्रियाकलापहरू" मा पनि सहायता गर्न सक्छन्। गृह स्याहार कामदारहरूमा RCW 18.88B अन्तर्गत राज्यको Department of Health द्वारा प्रमाणित गरिएका कामदारहरू लगायतका कामदारहरू समावेश हुन्छन्।

गृह स्याहार कामदारहरूद्वारा गरिने कामलाई गभर्नरको घोषणा 20-05 मा अत्यावश्यक ठानिएको थियो र त्यसकारण धेरै सेवाहरू COVID-19 महामारीको अवधिभरि सञ्चालनमा रहेका छन्। स्वास्थ्य तथा सुरक्षाका आवश्यकताहरूलाई रोजगारदाता र व्यक्तिगत स्याहार कामदारहरूद्वारा तल व्याख्या गरिएअनुसार पालना गरिनुपर्छ।

कुनै पनि प्रावधान एकल कामदारको रोजगारदाताको लागि *पूर्ण रूपमा* अयोग्य रहेको हदसम्म, यसलाई उक्त रोजगारदाताद्वारा पालना गरिन आवश्यक हुँदैन।

घरेलु सेवा उद्योगका कामदारहरूले काम गर्न, तलबी बिरामी बिदा पहुँच गर्न र बेरोजगारी लाभहरू पहुँच गर्न अस्वीकार गर्ने आफ्नो क्षमतामा अनुपातहीन रूपमा सीमाहरूको सामना गर्नेछन् भन्ने कुरा स्वीकार गरिन्छ। रोजगारीका सबै अवस्थाहरूमा, रोजगारदाताहरू आफ्ना कामदारहरूसँग कामदारका सुरक्षाहरू पहुँच गर्ने कार्यमा रहेका सीमाहरूको बारेमा सचेत रहनुपर्छ।

## सुरक्षा तथा स्वास्थ्य आवश्यकताहरू

घरेलु सेवाका सबै रोजगारदाताहरूसँग राज्य तथा संघीय कानून तथा नियमहरूका अनुसार सुरक्षित तथा स्वस्थ कार्यस्थल कायम राख्ने साधारण दायित्व हुन्छ। साथै, तिनीहरूले गभर्नरको "Safe Start" घोषणा 20-25.4 मा उल्लेख गरिएअनुसार र L&I का कार्यस्थलहरूमा साधारण आवश्यकता र रोकथामका उपायहरू अनुसार COVID-19 सम्बन्धी निम्न कार्यस्थल विशेष सुरक्षा अभ्यासहरूको अनुपालन गर्नुपर्छ। वाशिङ्गटन राज्यको Department of

Health र वाशिङ्गटन राज्यको Department of Social and Health Services ले कामदारहरूका लागि सुरक्षा मार्गदर्शन कागजातहरू बनाएका छन्:

- गृह स्याहार प्रदायकहरूका लागि वाशिङ्गटन राज्यको Department of Health का सिफारिसहरू
- COVID-19 को प्रकोपको अवधिमा सुरक्षित स्याहार उपलब्ध गराउनको लागि वाशिङ्गटन राज्यको Department of Social and Health Services को व्यक्तिगत प्रदायकहरू (IPs) सम्बन्धी मार्गदर्शन

गृह स्याहार निकायहरू र वाशिङ्गटन राज्य जस्ता प्रशासनिक प्रकार्यहरू गर्ने रोजगारदाता वा सह-रोजगारदाताले कामदारहरूलाई सुरक्षित राख्नको लागि COVID-19 सम्बन्धी निम्न सहितका आवश्यकता र निर्देशकाहरू पालना गर्नुपर्छ:

- कामदारहरूलाई तिनीहरूले उत्कृष्ट रूपमा बुझ्ने भाषामा कोरोना भाइरस तथा संक्रमण कसरी रोक्ने सम्बन्धी र रोजगारदाताका COVID-19 सम्बन्धी नीतिहरूको बारेमा शिक्षित गराउनुपर्छ।
- सबै अन्तरक्रियाहरूमा सम्भव रहेको अधिकतम हदसम्म सबै कर्मचारी तथा ग्राहकहरूबीच छ फुटको दूरी कायम राख्नुपर्छ। विशेष काममा विशुद्ध शारीरिक दूरी सम्भव नरहेको अवस्थामा, बाधकहरूको प्रयोग, साँघुरो वा बन्द क्षेत्रहरूमा कर्मचारीहरू वा ग्राहकहरूलाई घटाउने कार्य र विश्राम तथा कार्य शिफ्ट सुरु हुने समय भिन्न बनाउने कार्य जस्ता रोकथाममा अन्य उपायहरू प्रयोग गर्न सकिन्छ।
- कर्मचारीहरूलाई गरिने क्रियाकलापको लागि उपयुक्तता अनुसार पञ्जा, चश्मा, अनुहार रक्षक र अनुहार मास्कहरू जस्ता व्यक्तिगत सुरक्षाका साधन (PPE) निःशुल्क उपलब्ध गराउनुपर्छ र तिनीहरूलाई लगाउन आवश्यक बनाउनुपर्छ। अतिरिक्त विवरणहरूका लागि कोरोना भाइरस सम्बन्धी अनुहार ढाक्ने र मास्कका आवश्यकताहरू हेर्नुहोस्। COVID सकारात्मक देखिएका वा यसको लक्षण देखाएका सेवाग्राहीहरूलाई स्याहार उपलब्ध गराउने गृह स्याहार कामदारहरूलाई "अत्यधिक उच्च जोखिम" को अवस्थामा रहेको मानिन्छ र तिनीहरूलाई उपयुक्त PPE उपलब्ध गराउनुपर्छ। लक्षणहीन सेवाग्राहीहरूलाई स्याहार उपलब्ध गराउने गृह स्याहार कामदारहरूलाई "मध्यम जोखिम" को वर्गमा रहेको मान्नुपर्छ र तिनीहरूलाई सर्जिकल मास्कहरू लगायत सम्भावित रूपमा अवस्थाको आधारमा उपयुक्तता अनुसार अतिरिक्त PPE उपलब्ध गराउनुपर्छ। साथै, रोजगारदाताहरूद्वारा कपडाका अनुहार ढाक्नेहरू उपलब्ध गराइनुपर्छ र कर्मचारीहरूको संक्रमणलाई Department of Labor & Industries का सुरक्षा तथा स्वास्थ्य नियमहरू र मार्गदर्शन अन्तर्गत उच्च स्तरको सुरक्षा आवश्यक नदेखिँदासम्म एक्लै काम नगर्दा वा समुदायमा कार्यहरू गर्दा हरेक कामदारद्वारा त्यो लगाइनुपर्छ। कपडाको अनुहार ढाक्नेलाई Department of Health को मार्गदर्शनमा व्याख्या गरिएको छ। कपडाका अनुहार ढाक्नेहरूका लागि यो आवश्यकताका अपवादहरूमा कार्यालय, सवारी साधन वा कार्यस्थलमा एक्लै काम गर्दा; व्यक्ति श्रवण शक्ति नभएको वा कान कम सुन्ने र सञ्चारको भागको रूपमा अनुहारका चिन्ह तथा अभिव्यक्ति र मुखका चालहरू जस्ता भाषाका संकेतहरूमा निर्भर रहने कसैसँग कुराकानी गर्दै भएमा; व्यक्तिलाई अनुहार ढाक्ने लगाउन अनुचित बनाउने चिकित्सा अवस्था वा असक्षमता भएमा वा काममा व्यक्तिगत अन्तरक्रिया नभएको अवस्था जस्ता परिस्थितिहरू समावेश हुन्छन्।

रोजगारदाताले कामदारहरूलाई सुरक्षित राख्नको लागि COVID-19 सम्बन्धी तल सूचीबद्ध गरिएका कुराहरू सहितका आवश्यकता र निर्देशिकाहरू पालना गर्नुपर्छ। व्यक्तिगत उपभोक्ताहरूद्वारा नियुक्त गरिने तथा व्यक्तिगत प्रदायकहरूका रूपमा DSHS मार्फत भुक्तानी गरिने गृह स्याहार कामदारहरूलाई सेवाग्राही-रोजगारदाताद्वारा चयन, निर्धारित र निरीक्षण गरिन्छ। यी अवस्थाहरूमा, DSHS ले COVID को संक्रमण र फैलिने क्रमलाई कसरी रोक्ने भन्ने बारेमा मार्गदर्शन जारी गर्छ:

- आपूर्तिहरूको पर्याप्त सर्मतसम्भारका साथमा बारम्बार र बराबर हात धुने कार्यलाई सुनिश्चित गर्नुहोस्। साझा गरिने उपकरण वा अन्य वस्तुहरूमा भाइरसको संक्रमणलाई रोक्नको लागि सुरक्षित र उपयुक्त हुँदा नष्ट गर्न सकिने पञ्जाहरू प्रयोग गर्नुहोस्।
- साधारणतया छोइने सतहहरूको बारम्बार सफाई तथा सरसफाई सुनिश्चित गर्नुहोस्।

- कर्मचारी र सेवाग्राहीहरूलाई तिनीहरूको शिफ्टको सुरुवातमा COVID-19 का संकेतहरू/लक्षणहरूको जाँच गर्नुहोस्। गृह स्याहार कामदारहरूले बिरामी महसुस गरेमा वा तिनीहरू बिरामी देखिएमा घरमै बस्नुपर्छ वा तुरुन्तै घर जानुपर्छ। COVID-19 बिमारीको सम्भावना रहेको वा बिमारी पुष्टि भएको कर्मचारीले काम गरेका कुनै पनि गैर-आवासीय रोजगारदाताको कार्यालय क्षेत्र, छोएको सतह, आदिलाई सफा र सेनिटाइज नगर्दासम्म उक्त क्षेत्र र उपकरणलाई घेरेर राख्नुहोस्। एकदमै राम्रोसँग सफा र सेनिटाइज गर्नको लागि Centers for Disease Control (रोग नियन्त्रण केन्द्र) द्वारा बनाइएका सरसफाई निर्देशिकाहरू पालना गर्नुहोस्।
- रोजगारदाताले गृह स्याहार कामदारहरूतिनीहरूको कामको नतिजा स्वरूप COVID सकारात्मक भएको भनी पुष्टि गरिएका व्यक्तिहरूको सम्पर्कमा आएका थिए भन्ने कुरा थाहा पाएपछि तिनीहरूलाई तुरुन्तै सूचित गर्नुहोस्।

कामदारले COVID-19 द्वारा सिर्जना भएका खतराहरू सहित असुरक्षित काम गर्न अस्वीकार गर्न सक्छन्। आफ्नो अवस्था असुरक्षित छ भनी विश्वास गर्ने गृह स्याहार कामदारले सामाजिक कार्यकर्ता वा निकायको सुपरिवेक्षक मध्ये एकलाई सम्पर्क गर्नुपर्छ। RCW 49.17 को विषयमा कुनै पनि रोजगारदाताका लागि कानून अन्तर्गत सुरक्षा सुरक्षित क्रियाकलापहरूमा संलग्न रहेको कामदारको कार्य अस्वीकारले निश्चित आवश्यकताहरू पूरा गरेमा तिनीहरूका विरुद्ध विपरित कदम चाल्नु गैरकानूनी हो। जानकारी यी प्रकाशनहरूमा उपलब्ध छ: कार्यस्थलमा सुरक्षा तथा स्वास्थ्य विभेद पुस्तिका र स्पेनी सुरक्षा तथा स्वास्थ्य विभेद पुस्तिका।
COVID-19 संक्रमणको जोखिमको कारण काम गर्न सुरक्षित रहेको विश्वास नलागेको हुँदा आफूलाई नै कार्यस्थलबाट हटाउन चाहेका कामदारहरूसँग निश्चित बिदा वा बेरोजगारी लाभहरूमा पहुँच हुनसक्छ। रोजगारदाताहरूले वैकल्पिक कार्य व्यवस्थापन सम्भव नभएमा घोषणा 20-46 अनुसार समेटिएका उच्च जोखिममा रहेका व्यक्तिहरूलाई उपलब्ध रोजगारदाताद्वारा स्वीकृत गरिएको प्राप्त बिदामा तिनीहरूको रोजाइको पहुँच उपलब्ध गराउनुपर्छ। अन्य कामदारहरूसँग Families First Coronavirus Response Act मा समावेश गरिएको पारिवारिक तथा चिकित्सा बिदा, बेरोजगारी लाभहरू वा परिस्थितिहरूको आधारमा अन्य भुक्तानी बिदा विस्तार गर्ने पहुँच हुनसक्छ। अतिरिक्त जानकारी नोवल कोरोना भाइरसको प्रकोप (COVID-19) स्रोतहरू र वाशिङ्गटन Family Care Act र Families First Coronavirus Response Act अन्तर्गतको तलबी बिदा मा उपलब्ध छ।

**गृह स्याहार कामदारहरू:**
साथै, कामदारहरूले निम्न कार्य गर्नुपर्छ:

1. बिमारी हुँदा घरमा बस्नुपर्छ। COVID सकारात्मक भएको शंका लाग्दा वा पुष्टि हुँदा रोजगारदातालाई सूचित गर्नुपर्छ।
2. घरमा COVID-19 लागेको बिरामी पारिवारिक सदस्य भएमा सुपरिवेक्षकलाई सूचित गर्नुपर्छ। यदि कामदारको साथमा COVID-19 बिमारी भएको पारिवारिक सदस्य भएमा, कामदारले राज्यको Department of Health द्वारा स्थापना गरिएअनुसारका आइसोलेसन/क्वारेन्टाइन आवश्यकताहरू पालना गर्नुपर्छ।
3. काममा रिपोर्ट गर्नुअघि, पहिले नै फोन गर्नुपर्छ र आफूले स्याहार उपलब्ध गराउने व्यक्तिले उहाँको लागि नयाँ रहेको ज्वरो, खोकी वा स्वाँ-स्वाँ जस्ता लक्षणहरू अनुभव गरिरहेको हुनुहुन्छ वा हुनुहुन्न भनी सोध्नुपर्छ। यदि त्यस्तो भएमा, सेवाहरूलाई ढिलो गरिन सकिन्छ वा सकिँदैन भन्ने विचार गर्नुपर्छ वा COVID-19 गृह स्याहार मार्गदर्शन कागजातमा सूचीबद्ध गरिएका सावधानीहरू पालना गर्नुपर्छ।
4. घरमा सम्भव हुँदा आफू र अन्यबीच न्यूनतम छ फुटको दूरी कायम राख्नुपर्छ। निश्चित कार्यको लागि शारीरिक दूरी सम्भव नभएको अवस्थामा, कपडाका अनुहार ढाक्नेहरू र PPE को प्रयोग जस्ता अन्य सुरक्षात्मक उपायहरू प्रयोग गरिनुपर्छ।
5. तपाईंको शिफ्टको सुरुवात तथा अन्त्यमा र खाना पकाउनुअघि तथा पकाएपछि वा शरीरका तरल पदार्थहरूको सम्पर्कमा आउनुअघि तथा आएपछि हातहरू बारम्बार धुनुपर्छ। साबुन र पानीले कम्तीमा पनि 20 सेकेण्डसम्म हातहरू धुनुपर्छ वा कम्तीमा पनि 60% मदिरा समावेश गर्ने मदिरामा आधारित ह्याण्ड सेनिटाइजर प्रयोग गर्नुपर्छ।

6. घर भित्र सकेसम्म सतह वा वस्तुहरू छुनुहुँदैन। काम गर्दा बारम्बार छोइने सतहहरू धुनुपर्छ।

**<u>आफ्नै घरमा सेवाहरू उपलब्ध गराउनका लागि गृह स्याहार कामदारलाई नियुक्त गर्ने व्यक्तिगत सेवाग्राही रोजगारदाताले निम्न कार्य गर्नुपर्छ:</u>**

7. सेवाग्राही गृह क्वारेन्टाइनमा रहेमा, बिमारी भएमा वा COVID-19 सम्बन्धी लक्षणहरू देखिएमा गृह स्याहार कामदारलाई सूचित गर्नुपर्छ।
8. गृह स्याहार कामदार बिमारी हुँदा वा देखिएमा, तिनीहरूलाई अब उपरान्त बिमारी नहुँदासम्म काम नगर्न भन्नुपर्छ।
9. गृह स्याहार कामदार उपस्थित हुँदा हातहरू बारम्बार धुनुपर्छ।
10. गृह स्याहार कामदारबाट सम्भव हुँदा कम्तीमा पनि छ फुट दूरी कायम राख्नुपर्छ र गृह स्याहार कामदारसँग निकट सामीप्यमा बिताइने समय घटाउनुपर्छ।

**<u>कार्यस्थलका निर्देशिकाहरू</u>**

11. गृह स्याहार सेवाहरू उपलब्ध गराइने समयावधिमा उपस्थित रहेको र मास्क लगाउने क्षमता भएको कुनै पनि व्यक्तिले सामुदायिक संक्रमणको जोखिमलाई घटाउन कम्तीमा पनि कपडाको अनुहार ढाक्ने लगाउनुपर्छ। उक्त व्यक्तिहरूलाई PPE का सबै आवश्यकताहरू पालना गर्न पनि दृढतापूर्वक प्रोत्साहन गरिन्छ। सम्भव हुँदा, घरेलु कामदारले काम गर्दै गर्दा घरपरिवारमा उपस्थित व्यक्तिहरूले घरेलु कामदारको सम्बन्धमा अझ बढी सामाजिक दूरी बनाउनको लागि क्षेत्रहरूलाई घरेलु कामदारबाट टाढा र साना कोठाहरूबाट ठूला कोठाहरूमा पुनर्स्थापित गर्नुपर्छ। कार्यस्थलमा व्यक्तिहरू संज्ञानात्मक, विकासात्मक वा प्रकार्यात्मक असक्षमताहरूको कारण कपडाको अनुहार ढाक्ने र/वा PPE लगाउने कार्य अनुपालन गर्न सक्षम नहुन सक्छन् र तिनीहरूलाई अनुपालन गर्न आवश्यक हुँदैन।
12. अन्तरक्रिया छोटो कायम राख्नुपर्छ। यदि अवास्तविक रूपमा महत्त्वपूर्ण विवरणहरू छलफल गर्न असक्षम भएमा, आफ्नो व्यक्तिगत अन्तरक्रिया छोटो कायम राख्नुहोस् र कुनै पनि संवादभरि छ फुटको दूरी कायम राख्नुपर्छ। गृह स्याहार प्राप्त गर्ने व्यक्तिहरू संज्ञानात्मक, विकासात्मक वा प्रकार्यात्मक असक्षमताहरूको कारणले गर्दा दूरी र समयका आवश्यकताहरू अनुपालन गर्न सक्षम नहुन सक्छन् र तिनीहरूलाई अनुपालन गर्न आवश्यक हुँदैन।
13. कार्यस्थल वा घरमा टिस्यु र फोहोर फाल्ने भाडोहरू उपलब्ध गराइनुपर्छ।
14. रोजगारदाताहरूले कामदारहरूलाई कार्यस्थल सुरक्षित छ भन्ने विश्वास नलागेमा यसबाट आफूलाई हटाउने तिनीहरूको अधिकारका साथसाथै यी परिदृश्यहरूमा बिदा वा बेरोजगारी लाभहरूमा पहुँच प्राप्त गर्ने तिनीहरूको सम्भावनाको बारेमा सूचित गर्नेछन्।
15. यदि घरेलु कामदारले बारम्बार सफाई र सरसफाई जस्ता अतिरिक्त कार्यहरू पूरा गर्ने अपेक्षा गरिन्छ भने, यसलाई लिखित सम्झौतामा दर्शाउनुपर्छ र कामदारहरूलाई काम गरेको समयको लागि क्षतिपूर्ति दिइनुपर्छ।
16. साइटका कामदारहरूका सबै तालिम भुक्तानी गरिने समयमा आयोजना हुनुपर्छ।
17. सम्भव हुँदा कामदारहरूलाई प्रति सवारी साधनमा एक जना मात्र व्यक्ति राखेर कार्यस्थलहरूमा छुट्टै लगिनेछ।
18. यदि कामदारहरू केन्द्रीय स्थानमा जम्मा हुन्छन् र कम्पनीको स्वामित्वमा रहेका सवारी साधनमा कार्यस्थलमा जान्छन् भने, एउटा टोलीलाई एउटा सवारी साधन निर्धारण गर्नुपर्छ र नफेराउनु हुँदैन। कोरोना भाइरस सम्बन्धी अनुहार ढाक्ने र PPE का आवश्यकताहरूमा व्याख्या गरिएअनुसार कम्पनीको स्वामित्वमा रहेका सवारी साधनहरू वा अन्य बहु-अधिभोगका सवारी साधनमा गरिने यात्रालाई सवारी साधन तथा सामाजिक दूरी र PPE का आवश्यकताहरूको 50% क्षमतामा सीमित गरिनेछ।

उपयुक्त हुँदा, कामदारको सुरक्षा र स्वास्थ्य सम्बन्धी समस्याहरू L&I को Division of Occupational Safety and Health (DOSH) अन्तर्गतको प्रवर्तन कार्यसँग सम्बन्धित हुन्छन्।

- रोजगारदाताहरूले L&I को Division of Occupational Safety and Health (DOSH) बाट COVID-19 सम्बन्धी [रोकथाम सुझाव तथा मद्दत]() अनुरोध गर्न सक्छन्।
- कर्मचारी कार्यस्थल सुरक्षा तथा स्वास्थ्य सम्बन्धी उजुरीहरूलाई L&I DOSH सुरक्षा कल केन्द्र: (1-800-423-7233) मा वा adag235@lni.wa.gov मा इमेलमार्फत पेश गर्न सकिन्छ।
- सम्झौताका अभ्यासहरू कसरी अनुपालन गर्ने सम्बन्धी साधारण प्रश्नहरूलाई राज्यको व्यावसायिक प्रतिक्रिया केन्द्रमा https://coronavirus.wa.gov/how-you-can-help/covid-19-business-and-worker-inquiries मा पेश गर्न सकिन्छ।
- घोषणा 20-25 सँग सम्बन्धित अन्य सबै उल्लङ्घनहरूलाई https://bit.ly/covid-compliance मा पेश गर्न सकिन्छ।